# मिडिया अनुसन्धान

## प्राज्ञिक पूर्वाधार निर्माणका केही अभ्यास

# मिडिया अनुसन्धान

## प्राज्ञिक पूर्वाधार निर्माणका केही अभ्यास

देवराज हुमागाईं
कोमल भट्ट
कृष्ण अधिकारी

मार्टिन चौतारी

# मिडिया अनुसन्धान

**प्राज्ञिक पूर्वाधार निर्माणका केही अभ्यास**

लेखक : देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी

पहिलो संस्करण २०६४ (2007)

*प्रकाशक*

मार्टिन चौतारी
२७ जीतजङ्ग मार्ग, थापाथली
काठमाडौँ, नेपाल
पोस्ट बक्स १३४७०; फोन ४२३८०५०/४१०२०२७/४२४०२४३
फ्याक्स् ४२४००५९
इमेल: chautari@mos.com.np
http://www.martinchautari.org.np

चौतारी पुस्तक शृङ्खला - ३५

© लेखकमा

ISBN 978-9937-8004-0-2

मूल्य रु. १५०/-

*लेआउट/कभर डिजाइन*
किशोर प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

यो पुस्तकको अनुसन्धान र प्रकाशन डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) अन्तर्गत मानव अधिकार र असल शासन सल्लाह एकाई (DanidaHUGOU) को सहयोगमा भएको हो । तर यसमा व्यक्त विचार, विश्लेषण र निष्कर्ष लेखकका निजी हुन् । त्यसमा उक्त संस्थाको सहमति हुनै पर्छ भन्ने छैन ।

# विषयसूची

**प्राक्कथन** छ
**परिचय** १

**अध्याय एक**
पत्रकारिता शिक्षा र स्नातकोत्तर तहमा १९
मिडिया शोधपत्र लेखनः केही प्रारम्भिक टिप्पणी

**अध्याय दुई**
मिडियासम्बन्धी छलफल र बहसको संस्कृति ५९

**अध्याय तीन**
नेपाली मिडियाका पुस्तक प्रकाशनः विविध पाटाहरू ७७

**अध्याय चार**
सम्पादन र प्रकाशनको प्रक्रियाः मार्टिन चौतारीको अनुभव १०३

**अध्याय पाँच**

मिडिया स्रोत सामग्रीको उपलब्धता र पहुँच १२५

**सन्दर्भ सामग्री** १५५

**अनुसूची**

१. मिडियासम्बन्धी शोधपत्रहरूको विवरण १६९

२. नेपाली मिडियासम्बन्धी कार्यपत्रको सूची १८३

३. *मिडिया अध्ययन* जर्नलको सम्पादकीय नीति १९९

**अनुक्रमणिका** २०३

# प्राक्कथन

समाजका अन्य क्षेत्रमाथि सोधखोज गर्ने मिडियाबारे नै अध्ययन अनुसन्धान गर्ने चलनले नेपालमा विस्तारै गति लिँदैछ । उचित खालको प्राज्ञिक वातावरण तथा पूर्वाधारको अभावमा अनुसन्धान गर्नु कठिन काम हो । समाजमा प्राज्ञिक पूर्वाधार जति बलियो भयो अनुसन्धान कार्य त्यति नै सहज हुन्छ । कुनै पनि विषयमा हुने अध्ययन अध्यापन; छलफल, बहस वा अन्तर्क्रिया; स्रोत सामग्रीको उत्पादन र प्रकाशन; र ती सामग्रीको संरक्षण एवं उपयोगका लागि स्थापित पुस्तकालय सबैलाई प्राज्ञिक पूर्वाधारका रूपमा लिन सकिन्छ । यिनको स्थापना हुनु मात्र पूर्ण होइन; पूर्वाधार निर्माणका यस्ता अभ्यासबारे पर्याप्त जानकारी नहुँदा न सम्बन्धित क्षेत्रका अध्येता, अनुसन्धानकर्ताले त्यसबाट लाभ लिन सक्छन् न त ती संरचनाको पर्याप्त उपयोग हुन पाउँछ । तसर्थ यस्ता संरचनाहरूबारे पनि समय समयमा अध्ययन र टीका टिप्पणी हुनु आवश्यक छ ।

सन् २००० देखि मार्टिन चौतारीले नेपाली मिडियाबारे अध्ययन अनुसन्धान सुरु गरेको हो । त्यही सिलसिला जारी राख्दै मिडिया अनुसन्धानको पूर्वाधार निर्माणका अभ्यासबारेको यो पुस्तक तयार गरिएको हो । मूलतः हामीले यो पुस्तकमा नेपालमा मिडिया अनुसन्धानका पूर्वाधार निर्माणमा भइरहेका सङ्गठित र असङ्गठित केही अभ्यासलाई केलाउने कोसिस गरेका छौँ ।

यो पुस्तक सामूहिक सहकार्यको परिणाम हो । कार्य विभाजनका सिलसिलामा परिचय, अध्याय तीन र अध्याय चार देवराज हुमागाईं; अध्याय एक कोमल भट्ट; अध्याय दुई कृष्ण अधिकारी र देवराज हुमागाईं तथा अध्याय पाँच कृष्ण अधिकारी र कोमल भट्टद्वारा तयार पारिएको हो । तथापि पुस्तकमा उल्लिखित तथ्य र तर्कहरूप्रति भने सामूहिक जिम्मेवारी छ ।

हाम्रो यो प्रयासलाई सार्थक तुल्याउन थुप्रै व्यक्ति र संस्थाहरूले सहयोग गर्नुभएको छ । उपत्यकाका विभिन्न पुस्तकालयमा कार्यरत व्यक्तिहरू कृष्णमणि भण्डारी (त्रिवि केन्द्रीय पुस्तकालय), दशरथ थापा (राष्ट्रिय पुस्तकालय), भोला श्रेष्ठ (केशर पुस्तकालय), जुजुभाइ डङ्गोल (काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय), अमर गुरुङ र दीपक अर्याल (मदन पुरस्कार पुस्तकालय), जगदीशचन्द्र अर्याल (सोसल साइन्स बहाः) प्रति हामी आभारी छौँ । उहाँहरूले आ-आफ्ना पुस्तकालयमा भएका मिडियासम्बन्धी सामग्रीहरूको जानकारी र एकमुष्ठ सूची उपलब्ध गराइदिनुभएको थियो । यस्तै ओम खड्का र जितेन्द्र बज्राचार्य (नेपाल वातावरण पत्रकार समूह), विमल आचार्य (अनौपचारिक क्षेत्र सेवा केन्द्र-इन्सेक), मञ्जु थापा (अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था), पूर्णसिं बराइली (जागरण मिडिया सेन्टर), अजिता शर्मा (नेपाल प्रेस इन्स्टिच्यूट), सौरभकिरण श्रेष्ठ (हातेमालो सञ्चार), गणेश राई (शिक्षा पत्रकार समूह), कृष्ण भण्डारी (भ्रष्टाचार विरुद्ध मिडिया अनुसन्धान- रिमेक नेपाल) ले आफूसम्बद्ध संस्थाका गतिविधिबारे जानकारी दिनुभएको थियो । यसका लागि उहाँहरूलाई हाम्रो धन्यवाद छ । आ-आफ्नो संस्थाको पुस्तकालय तथा अध्यापनबारे जानकारी दिनुहुने बद्री पौडयाल (रत्नराज्यलक्ष्मी क्याम्पस), रामकृष्ण रेग्मी, राजीव तिमिल्सिना र सुजाता थापा (कान्तिपुर सिटी कलेज), मञ्जु मिश्र (कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसन), जङ्गब चौहान (काठमाडौँ विश्वविद्यालय) लाई पनि धन्यवाद ।

अनुसन्धानका क्रममा हामीलाई कुराकानीका लागि समय उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने अन्य व्यक्तिहरू कुन्दन अर्याल (इन्सेक), सुरेश आचार्य (सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजी), लालदेउसा राई (पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, त्रिवि), राजेन्द्र दाहाल (प्रेस काउन्सिल नेपाल), श्रीराम पौडेल (इमेज एफएम/टेलिभिजन), रघु मैनाली (सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूह), सुमन बास्कोटा (ग्रामीण विकास केन्द्रीय विभाग, त्रिवि), भिक्टर प्रधान (नेपाली केन्द्रीय विभाग, त्रिवि), बबिता खनाल (रेडियो नेपाल, टेप लाइब्रेरी), ईश्वरी भुसाल (नेपाल टेलिभिजन, दृश्य सङ्ग्रहालय), उज्ज्वल प्रजापति (कान्तिपुर टेलिभिजन), सुगम पोखरेल (रेडियो

सगरमाथा, टेप लाइब्रेरी), कृष्ण खनाल (उच्च माध्यमिक शिक्षा परिषद्, सम्बन्धन शाखा), विष्णु शर्मा (परीक्षा नियन्त्रण कार्यालय, भक्तपुर) का साथै विनय कसजू, भारतदत्त कोइराला, कुन्द दीक्षित, श्रीरामसिं बस्नेत, डा. त्रिरत्न मानन्धर, डा. बालगोपाल वैद्य र निर्मलमणि अधिकारीप्रति पनि आभार प्रकट गर्दछौँ ।

पुस्तकको पाण्डुलिपि आद्योपान्त अध्ययन गरी अमूल्य सुझाव प्रदान गर्नुहुने प्रत्यूष वन्त, रमा पराजुली र शेखर पराजुली पनि धन्यवादका पात्र हुनुहुन्छ । यस्तै विभिन्न अध्यायमा टिप्पणी गरी परिमार्जनका लागि सघाउने अन्य सहकर्मीहरू रमेश पराजुली, मधुसुदन सुवेदी र हर्षमान महर्जनलाई पनि हाम्रो धन्यवाद छ । पुस्तक लेखन र प्रकाशनको विभिन्न चरणमा गर्नुभएको विविध सहयोगका लागि चौतारीका साथीहरू कमलादेवी शर्मा, उपासना पण्डित, रमिता महर्जन, अनिता दुलाल, बुद्ध श्रेष्ठ, तीर्थ विष्ट, प्रभाकर गौतम र निरु भुजेललाई धन्यवाद छ ।

यो पुस्तकको पाण्डुलिपि सम्पादन भाषाशिल्पी शरच्चन्द्र वस्तीले गर्नुभएको हो । किशोर प्रधानले पुस्तकको ले-आउट तथा कभर डिजाइन गर्नुभएको हो । उहाँहरूलाई पनि धन्यवाद छ ।

यो अनुसन्धान र यसको प्रकाशनका लागि डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को मानवअधिकार र असल शासन सल्लाह एकाई (DanidaHUGOU) बाट आर्थिक सहयोग प्राप्त भएको हो । उक्त संस्था र त्यहाँका कार्यवाहक कार्यक्रम संयोजक मुरारी शिवाकोटीलाई धन्यवाद छ ।